आ.व. २०८१/०८२

बैठक संख्या १

आज मिति २०८१/०४/२५ गते शुक्रबारका दिन दिउँसो १:०० बजे यस रामपुर नगर कार्यपालिकाको १ औ कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिकासदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिकासदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिकासदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिकासदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिकासदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिकासदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिकासदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिकासदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | प्रमुख प्रशासकीय अधिकृत | |

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को पहिलो कार्यपालिकाको बैठकका

प्रस्तावहरु

१. गत आ.व.को वार्षिक प्रगति समिक्षा
२. योजना सम्बन्धमा
३. बजार क्षेत्र भित्रको यातायात व्यवस्थापन तथा पार्किङ्ग व्यवस्थापन कार्यविधि २०८१
४. बसपार्क व्यवस्थापन कार्यविधि २०८१
५. विविध

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा रामपुर नगरपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरुबाट सम्पादन गरिएका कार्यहरुको प्रगति समिक्षा गरियो ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को लागि यस नगरपालिका अन्तर्गत विनियोजित योजनाहरुको कार्यान्वयन सम्बन्धमा वडामा उपभोक्ता समिति गठन भदौ १ गते देखि भदौ १५ गतेसम्म, लागत अनुमान तयार भदौ १ गते देखि भदौ ३० गतेसम्म, वडामा योजना सम्झौता सुरु कार्तिक ६ देखि ३० गतेसम्म गर्ने गरी निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा बजार क्षेत्र भित्रको यातायात व्यवस्थापन तथा पार्किङ्ग व्यवस्थापन कार्यविधि २०८१ का सम्बन्धमा छलफल गरियो साथै अर्को बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा बसपार्क व्यवस्थापन कार्यविधि २०८१ सम्बन्धमा छलफल गरियो साथै अर्को बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

५. निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरपालिकाबाट सम्पादन गरिने कार्यहरुलाई थप पद्धतिमा लैजानका लागि यस वर्षको साउन महिनादेखि अर्को वर्षको असार महिनासम्म लागु हुने गरि आ.व. २०८१/०८२ को लागि तयार गरिएको कार्यपात्रोलाई संशोधन गरी पास गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रामपुर नगरपालिका अन्तर्गत सिर्जित हुने फोहरमैला रामपुर नगरपालिका वडा नं. ६ सेट्टारमा व्यवस्थापन गरिदै आएकोमा उक्त सम्झौता मिति २०८१ साल असार मसान्तमा सकिएकोमा रामपुर नगरपालिका वडा नं. ५ सुन्दरटोल स्थित हडेन खोल्सीमा रामपुर नगरपालिकाको फोहर विर्सजन गर्न स्थान उपलब्ध गराउने र खोल्सीको व्यवस्थापन कार्य सम्बन्धी स्थानीयबासीको तर्फबाट मन्जुरीनामा भई आएको र आ.व. २०८१/०८२ र २०८२/०८३ मा समेत सोहि स्थानमा व्यवस्थापन गर्ने भनि स्थानीयबासीबाट समेत मन्जुरी भएकोले उक्त स्थानमा फोहरमैला व्यवस्थापन गर्ने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन, स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि लगायतका विभिन्न सूचकहरुको सम्बन्धमा छलफल गरियो साथै आ.व. २०८०/०८१ को अङ्कहरुको प्रविष्टि तोकिएको समयभित्र सम्पन्न गर्ने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत स्वास्थ्य शाखा अन्तर्गत संघीय शसर्तबाट अन्तर्गतको दरबन्दीमा अहेब २ पद, अनमी १ पद रिक्त रहेकोले उक्त दरबन्दी बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत प्राविधिक शाखामा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार वडा, घरनक्शा शाखा, पूर्वाधार शाखामा कामकाज गर्ने गरी खटाउने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका क्षेत्र(साबिक गाँडाकोट, दर्छा, रामपुर, खालिवन र गेझा गा.वि.स) भित्र आंशिक स्वीकृति लिई वा स्वीकृती

नलिई निर्माण भएका तथा स्वीकृति लिएका तर मापदण्ड पुरा नगरी बनेका आफ्नो जग्गाधनी प्रमाणपत्र भित्रका भवनहरुको अभिलेखिकरण गर्ने प्रयोजनको लागि यस पूर्व सूचना प्रकाशन भएकोमा नगरबासीहरुबाट म्याद थप माग भई आएकोले मिति २०८१/०५/०१ गते देखि लागु हुने गरी ३० दिन म्याद थप गर्ने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कार्यालयको मुख्य भवन लगायत यस वरिपरि रहेका संरचनाहरुको सुरक्षाका लागि रात्रीकालीन समयमा १ जना नगर प्रहरी खटाइएकोमा उक्त नगर प्रहरीले हरेक दिन साँझ खाने खानाको खर्च साथै सार्वजनिक विदाको दिन बिहान खटिए बापतको खाना खर्च रकम समेत रकम विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको कार्यालयबाट सेप्टि टयाङ्की सफा गर्ने क्रममा जाने कर्मचारीलाई प्रोत्साहन स्वरुप प्रति ट्रिप रु ३५०/-, डोजर अपरेटरलाई खटिएको समयको प्रति घण्टा रु १५०/- का दरले भत्ता रकम तथा ग्रेडर चालकलाई मासिक रुपमा रु ६,०००/-, फोहरमैला राजस्व संकलन र नदीजन्य सामग्री अनुगमनका लागि खटिने नगर प्रहरीलाई खटिएको दिनको रु ५००/- उपलब्ध गराउने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ५ माथि छलफल गर्दा पन्ध्रौ नगर सभाबाट पारित भई निर्धारित घर निरिक्षण दस्तुर असुल भई आएमा घर निरिक्षणका लागि कार्यस्थलमा खटिई जाने र सो कार्यमा संलग्न सबै कर्मचारीहरुलाई घर निरिक्षण दस्तुर तपसिल बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

- पुरानो घर स्थलगत निरिक्षण दस्तुर शुल्क रु १९७५/-
- नया घर स्थलगत निरिक्षण दस्तुर शुल्क रु २४७५/-

१४. निर्णय नं. १४ प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर मिडिया प्रा.लि. रामपुर, पाल्पाको च.नं. ११, पत्र संख्या ०८१/८२, मिति २०८१/०४/०४ गतेको पत्रानुसार उक्त प्रा.लि.ले रामपुर नगरपालिकाको गतिविधिलाई रामपुर नगरबासी सम्म विभिन्न जनचेतनामुलक सुचना, सन्देश साथै योजना, कार्यक्रम तथा अभियानहरुलाई प्रचारप्रसार गरी आम नागरिकहरुलाई सूचना र विकासको खबर निरन्तर रुपमा दिइरहेको र सोको लागि आवश्यक व्यवस्थापन, वातावरण तयार लगायत अन्य कार्यहरुको लागि आवश्यक सहकार र समन्वयको लागि आवश्यक सहयोगका लागि प्रस्तावना पेस गरेकोमा स्थानीय संचार माध्यमबाट सूचना विज्ञापन जनचेतनामूलक साझेदारी कार्यक्रम उत्पादन प्रसारण तथा प्रकाशन खर्च शीर्षकबाट कट्टा हुने गरी रु ३,००,०००/-(रु तीन लाख) उपलब्ध गराउने निर्णय गरियो ।

१५. निर्णय नं. १५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिताकुण्ड मिडिया प्रा.लि. रामपुर, पाल्पाको च.नं. ०७, पत्र संख्या २०८१/०८२, मिति २०८१/०४/०६ गतेको पत्रानुसार उक्त मिडिया प्रा.लि.ले स्थानीय समाचार तथा सूचना प्रकाशन र प्रशारण गरिरहेको र यस गण्डकी बेशी क्षेत्रको पूर्वाधार विकास, सामाजिक आर्थिक रुपान्तरण, प्राकतिक सम्पदा, धार्मिक तथा सांस्कृतिक मूल्य र मान्यताहरुको एकिकृत उत्थान साथै सुशासन कायम गर्न र कुसंस्कार तथा कुरीतिलाई निरुत्साहनका लागि यस क्षेत्रको सेतुको रुपमा अगाडी बढिरहेको अवस्थामा आगामी दिनमा अझ स्थानीय तहका गतिविधि मैत्री बनाउनका लागि प्रस्तावना तयार गरी पेश गरेकोमा स्थानीय संचार माध्यमबाट सूचना विज्ञापन जनचेतनामूलक साझेदारी कार्यक्रम उत्पादन प्रसारण तथा प्रकाशन खर्च शीर्षकबाट कट्टा हुने गरी रु २,५०,०००/-(रु दुई लाख पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

१६. निर्णय नं. १६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरपालिकामाथि आइपर्ने विभिन्न मुद्धा मामिलामा नगरपालिकाको तर्फबाट लिखित मस्यौदा, लिखित जवाफ, बहस गर्ने तथा नगरपालिकाका विभिन्न ऐन, नियमावली, कार्यविधि निर्माणमा सहयोग गर्ने गरि अधिवक्ता/नोटरी पब्लिक श्री गोबिन्द प्रसाद मरासिनीलाई वार्षिक रु १,२०,०००/-(एक लाख बिस हजार) रुपैया उपलब्ध गराउने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

१७. निर्णय नं. १७, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थामा ईल्कट्रोनिक्स, पलम्बिङ्ग सम्बन्धी मर्मत कार्य लगायत सम्पूर्ण कार्य गर्ने गरी वार्षिक रुपमा ७५,०००/-(रु पचहत्तर हजार) करार सेवा शुल्क/ज्यालादारी तर्फ समेत(नगरपालिका/कृषि,स्वास्थ्य शाखा तर्फ.....) शिर्षकबाट भुक्तानी गर्ने गरि बर्षा ईल्कट्रोनिकस सँग सम्झौता गर्ने निर्णय गरियो ।